# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## उच्चशिक्षामा छात्रवृत्तिका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/२६ गते

विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८२ तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८० (प्रथम संशोधन) अनुरुप उच्च शिक्षामा पहुँच अभिबृद्धिका लागि अपाङ्गता भएका, आर्थिक रूपले विपन्न, दलित, मुस्लिम महिला, शहीद तथा द्वन्द्व पीडितका सन्तति र मुक्त कमलरी विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अनुरुप न्यूनतम योग्यता पूरा गरेका आर्थिक वर्ष २०८२/०८३ मा स्नातक/स्नातकोत्तर तह प्रथम वर्षमा भर्ना भई अध्ययनरत इच्छुक विद्यार्थीहरुबाट यही २०८२ चैत्र २५ गते कार्यालय समयभित्र छात्रवृत्ति सम्बन्धी दरखास्त फाराम आयोगको वेवसाइट www.ugcnepal.edu.np मा भएको **उच्च शिक्षा छात्रवृत्ति** मा Click गरी वा ugc.pathway.com.np मा Online माध्यमबाट फारम भरी निम्नानुसारका आवश्यक कागजात तथा सिफारिश पत्र समेत Upload गर्नु हुन जानकारी गराइन्छ ।

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको रसिद

(३) **अनुसूची २**

(४) स्नातक तहका लागि कक्षा १२ वा सो सरहको ट्रान्सक्रिप्ट र स्नातकोत्तर तहका लागि स्नातक तहको ट्रान्सक्रिप्ट प्रतिलिपि

(५) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि (राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक )

(६) वर्ग अनुसार प्रमाणपत्र /सिफारिस पत्र :

(क) शहीद वा द्वन्द्व पीडितका छोराछोरी

(ख) अपाङ्गता (अपाङ्गताको वर्ग खुलेको हुनुपर्ने)

(ग) दलित

(घ) मुक्त कमलरी

(ङ) मुस्लिम महिला

(च) आर्थिक रूपले विपन्न

आयोगबाट छात्रवृत्तिका लागि छनौट भइ पहिलो, दोस्रो वा तेस्रो किस्ता प्राप्त गरेका विद्यार्थीले निम्नानुसार कागजातहरु अनिवार्य Upload गरी बाँकी रहेको किस्ता प्राप्तिका लागि छात्रवृत्ति नविकरण गर्नुहुन जानकारी गराइन्छ

(१) **अनुसूची-५**

(२) प्रगति विवरण (लब्धाङ्क पत्र)

क) स्नातक तह वार्षिक प्रणाली अन्तर्गतका विद्यार्थीको हकमा दोस्रो किस्ताका लागि प्रथम वर्षको परीक्षामा समावेश भएको प्रवेश पत्र, तेस्रो किस्ताको लागि प्रथम वर्षको नतिजा, चौथो किस्ताको लागि दोस्रो वर्षको नतिजा

ख) स्नातक सेमेष्टर प्रणाली अन्तर्गतका विद्यार्थीको हकमा दोस्रो किस्ताको लागि दोस्रो सेमेष्टरको प्रवेश पत्र, तेस्रो किस्ताको लागि दोस्रो सेमेष्टरको नतिजा र चौथो किस्ताको लागि चौथो सेमेष्टरको नतिजा

ग) स्नातकोत्तर तहको हकमा दोस्रो किस्ताको लागि प्रथम सेमेष्टरको नतिजा

(३) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि

पुनश्च : (१) छात्रवृत्तिको उमेरहद स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष ननाघेको । शहीद वा द्वन्द्व पीडितका छोराछोरी र अपाङ्गता भएका विद्यार्थीका लागि उमेरहद लागु हुने छैन ।

(२) अघिल्लो वर्ष छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले नयाँ आवेदन पेश गरेमा सो आवेदन मान्य हुने छैन ।

(३) तोकिएको अन्तिम मिति पछि प्राप्त भएका वा आवश्यक कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।

४) आयोगबाट एकै तहमा अध्ययनका लागि कुनै पनि विद्यार्थीलाई दोहोरो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**विस्तृत जानकारीका लागि**

छात्रवृत्ति शाखा
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर
फोन नः ०१६६३८५४९, ६६३८५५०, ६६३८५५१ (एक्स्टेन्सन नं. १२२, १२३)
इमेलः scholarship@ugcnepal.edu.np
वेवसाइटः www.ugcnepal.edu.np

## अनुसूची-२

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## निवेदन पत्र

मितिः २०८ ।.....।....

श्रीमान् ........................................ प्रमुखज्यू,

.................................................................. ।

शहीद वा द्वन्द्व पीडितका छोराछोरी, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न वा दलित, मुक्त कमलरी, मुस्लिम महिला, तराईका दलितमध्ये डोम, वादी, चमार र मुसहर विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने **"उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८०"** बमोजिम देहायका कागजात संलग्न राखी छात्रवृत्तिको लागि अनुरोध गर्दछु । साथै मैले यस तहमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा निकाय मार्फत अन्य कुनै छात्रवृत्ति प्राप्त गरेको छैन । मैले उल्लेख गरेका विवरणहरू सत्य छन्, झुट्टा भएमा प्रचलित कानुन बमोजिम कारवाहीको लागि मञ्जुर छु ।

| औंठा छाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

विद्यार्थीको नामः

विद्यार्थीको दस्तखत :

मिति :

### सिफारिस पत्र

**सम्बन्धित उच्चशैक्षिक संस्थाको सिफारिस (आवेदन गर्ने समूहमा ✓ चिन्ह लगाउने)**

श्री विश्वविद्यालय अनुदान आयोग,

सानोठिमी, भक्तपुर ।

शहीद वा द्वन्द्व पीडितका परिवार, अपाङ्गता भएका, मुक्त कमलरी, मुस्लिम महिला, आर्थिकरूपले विपन्न वा दलित वर्ग र अति न्यून आय भएका डोम, वादी चमार, मुसहर विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउन तहाँ आयोगबाट स्वीकृत **"उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८०"** बमोजिम विद्यार्थीले पेश गरेको विवरण तथा संलग्न प्रमाण समेतका आधारमा जिल्ला ............................. स्थानीय तह ....................................... वडा नं. ......... बस्ने वर्ष ........ का विद्यार्थी श्री .........................................लाई छात्रवृत्तिको लागि सिफारिस गर्दछु । यस शैक्षिक संस्थामा भएको अभिलेखका आधारमा यस विश्वविद्यालय/क्याम्पसमा निजले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै संघ, संस्था वा निकायबाट छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा समेत प्रमाणित गर्दछु ।

आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल वा कसम्बन्धनप्राप्त क्याम्पस प्रमुखको

नामः .............................			दस्तखतः ............................

संस्थाको नाम : ..............................		मितिः ...............................

संस्थाको छापः

**स्थानीय निकायको सिफारिस (सिफारिश गरिएको समूहमा ✓ चिन्ह लगाउने)**

श्री विश्वविद्यालय अनुदान आयोग,

सानोठिमी, भक्तपुर ।

शहीद वा द्वन्द्व पीडितका परिवार, अपाङ्गता भएका, मुक्त कमलरी, मुस्लिम महिला, आर्थिकरूपले विपन्न वा दलित वर्ग र अति न्यून आय भएका डोम, वादी चमार, मुसहर विद्यार्थीहरूलाई उच्च शिक्षामा छात्रवृत्ति उपलब्ध गराउन तहाँ आयोगबाट स्वीकृत "उच्चशिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८०" बमोजिम जिल्ला ............................. स्थानीय तह ....................................... वडा नं. ......... बस्ने वर्ष ........ का विद्यार्थी श्री ....................................को परिवारका सदस्य सरकारी सेवामा वहाल नरहेको र राज्यकोषबाट तलव सुविधा प्राप्त गर्ने व्यक्ति नरहेको व्यहोरा सिफारिस गरिन्छ ।

प्रमाणित गर्ने स्थानीय निकाय प्रमुखको

नामः .............................

पदः ................................		कार्यालयको छापः

दस्तखतः ............................		मिति : ........................